नेपाल न्यूज एक्सप्रेस

Nepal News Express Daily

दैनिक

वर्ष : १ अंक : ०४३ २०७८ साल, कार्तिक ३० गते, मंगलवार Tuesday 16 Novmber, 2021 पृष्ठ : ४ मूल्य रू. ०५ / -

# वीरगञ्जबाट ३ लाखभन्दा बढीको भन्सार छलिका सामाग्री बरामद



वीरगञ्ज, २९ कार्तिक । जिल्ला प्रहरी कार्यालय पर्साले ३ लाख ४ हजार ७ सय मूल्य बराबरको औषधी तथा हार्डवेयरबम सामाग्री बरामद गरेको छ । सूचना परिचालन तथा प्रहरी कारवाहीको सिलसिलामा वीरगञ्ज महानगरपालिकाको ईनर्वा गाउँ, नगवा र लिंकरोड लगायतका विभिन्न स्थानबाट भन्सार छलिका सामाग्री बरामद गरेको प्रहरीले जनाएको छ । बरामद औषधी तथा हार्डवैयर पार्टसलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान भइरहेको पर्साका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए । बरामद सामागीको मूल्यांकन गरेर वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको खनालको भनाई छ।

# पर्साको तिलावे नदीमा निर्माणाधीन पुलको निर्माण काम सुरु




बीरगञ्ज २९ कार्तिक ।

हुलाकी राजमार्ग अन्तर्गत पर्साको तिलावे नदीमा निर्माणाधीन पुलको निर्माण कार्य आज देखि सुचारु गरिने भएको छ। पर्सा क्षेत्र नं. ३ का नेता हरिनार ायण रौनियारको पहलमा आइतबार हुलाकी राजगमार्ग निर्देशनालय योजना कार्यालय, वीरगञ्जका प्रमुख र निर्माणको जिम्मेवारी लिएको लुम्बिनी जेभीका प्रतिनिधिको सहभागितामा बसेको बैठकले आगामी ३ दिनभित्र काम शुरु गर्ने सहमति बनाएको थियो तर काम आज बाटै सुरु गरिएको हुलाकी र ाजगमार्ग निर्देशनालय योजना कार्यालका प्रमुख दरोगा प्रसादले जानकारी दिए। पर्साको सदरमुकाम वीरगञ्जलाई ग्रामीण क्षेत्रसँग जोड्ने मुख्य मार्गमा रहेको सो पुल निर्माणमा भइरहेको ढिलाईले पर्साका बासिन्दा नराम्ररी प्रभावित भएका छन्। मुख्य मार्गमा दैनिक घण्टौं जाम लाग्ने गरेको छ । विगतमा कोरोनाका महामारी नियन्त्रणका लागि लगाइएको बन्दाबन्दी, निषेधाज्ञा र बर्षाका कारण ढिलाई भएको कामलाई अब गति दिने निर्णय योजना प्रमुखको अध्यक्षता बसेको बैठकले गरेको हो । छलफलमा लुम्बिनी विल्डर्सका प्रनितिधिहरु युराज अर्याल ,नवराज ज्ञवाली, कार्यालयका नायव सुब्बा आशिष गिरीलगायतका प्रतिनिधिहरुको सहभागिता थियो ।

# कानुन व्यवसयीहरुले दिए जिल्ला अदालत पर्साको मुलगेटमा धर्ना



वीरगञ्ज, २९ कार्तिक ।

प्रधानन्यायधिश चोलेन्द्र शम्सेर जबराको राजिनामा माग गर्दै कानुन व्यवसायीहरुले बीरगञ्ज स्थित जिल्ला अदालत पर्सामा सोमबार पनि धर्ना दिएका छन्। नेपाल वार एसोसियएन केन्द्रिय समितिको निर्णय अनुसार पर्साका कानुन व्यवसयीहरुले जिल्ला अदालत पर्साको मुलगेटमा धर्ना दिएका हुन् । नेपाल वार एसोसिएसन पर्साका अध्यक्ष ओमप्रकाश गुप्ताको नेतृत्वमा कानुन व्यवसायीहरुले पर्सा जिल्ला अदालत बीरगञ्जको मुलगेटमा धर्ना दिएका थिए । देशैभरीका कानुन व्यवसायीहरुले प्रधानन्यायधिश जबराको राजिनामा माग गर्दै बिरोधहरु जारी राखेका छन् ।

# प्रहरी अस्पतालमा अनियमितता नदेखिएको छानबिन समितिको ठहर





वीरगञ्ज, २९ कार्तिक ।

काठमाडौंको महाराजगञ्जस्थित नेपाल प्रहरी अस्पतालमा अनियमितता नभएको छानबिन समितिले निष्कर्ष निकालेको छ। अस्पतालमा वरिष्ठ अधिकृतहरूले अनियमितता गरेको भन्ने गुनासो तथा उजुरीपछि गठन भएको प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलको नेतृत्वमा समितिले कुनै समस्या नदेखेको जनाएको हो। समितिले महानिरीक्षक (आइजिपी) शैलेश थापा क्षेत्रीसमक्ष आइतबार प्रतिवेदन बुझाएको समितिका एक सदस्यले जानकारी दिए। पुरानो मेसिन मर्मत नगरी नयाँ किनेको, कर्मचारीहरूलाई राम्ररी नराखेको, उपकरण किन्दा अनियमितता भएको आरोप अस्पतालकी प्रमुख एआइजी डा. आशा सिंहमाथि थियो। त्यस्तै अस्पतालमै कार्यरत प्रहरी नायब महानिरीक्षक डा. मीनराज पाठकविरुद्ध पनि अनियमितता लगायत विभिन्न आरोप लागेको थियो। त्यससम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा समेत उजुरी परेको थियो। यही मुद्दामा धेरैपटक छानबिन भएता पनि कुनै समस्या नभेटिएको समितिको ठहर छ। पहिले पनि छानबिन भएको थियो। पहिलेका गुनासा पनि भेरिफाइ गरिएको थियो। त्यसमा पनि कुनै अनियमितता देखिएको थिएन,' छानबिनमा संलग्न एक सदस्यले भने, 'यसमा पनि देखिएन।' उनले बरू यो एआइजी र डिआइजीबीच भएको असन्तुष्टिको उपज भएको बताए। एआइजी र डिआइजीबीचको वरियताको विवादका कारण यी गुनासा आइरहेको उनको भनाइ थियो। 'यो असन्तुष्टि र रिसिइबीका कारण आएको कुरा हो। केही सच्याइहाल्नुपर्ने वा कारवाही गर्नुपर्ने देखिएको छैन,' उनले भने। छानबिन समितिमा डिआइजी बसन्त लामा, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)द्वय भीम ढकाल, पूजा सिंह र प्रहरी नायब उपरीक्षक ज्ञानेन्द्र बस्नेत सदस्य थिए।

# पर्सामा मात्रै ५ सय ७० जना गणकहरू, जनगणना मङ्सिर ९ गतेसम्म चल्ने ।




वीरगञ्ज, २९ कार्तिक ।

राष्ट्रिय जनगणना २०७८ का लागि पर्सा जिल्लामा मात्रै ५ सय ७० जना गणकहरु खटाइएको छ । गत कात्तिक २५ गतेदेखि शुरू भएको जनगणना मङ्सिर ९ गतेसम्म चल्नेछ। जनगणना मार्फत प्रभावकारी रुपमा सही विवरण संकलनका लागि पर्सामा ६ वटा जनगणना कार्यालय स्थापना गरिएको छ । वीरगञ्ज महानगरमा जिल्ला जनगणना कार्यालय पर्सा र महानगरकै लागि परवानीपुरमा पनि अर्को कार्यालय स्थापना गरिएको छ ।त्यसैगरी, सखुवाप्रसौनी गाउँपालिकालाई समेत हेर्ने गरी पर्सागढी नगरपालिकामा जनगणना कार्यालय स्थापना गरिएको जिल्ला जनगणना कार्यालय पर्साका जनगणना अधिकारी केशव ज्ञवालीले जानकारी दिनुभयो। ठोरी, जगरनाथपुर, पटेर्वासुगौली र जीराभवानी गाउँपालिकाको लागि जीराभवानी गाउँपालिकाको सेढवामा कार्यालय सञ्चालनमा ल्याइएको छ। यस्तै धोबिनी, पकाहामैनपुर र छिपहरमाई गाउपालिकाको लागि कालिकामाई गाउँपालिकाको मुडलीमा कार्यालय स्थापना गरिएको ज्ञवालीले बताउनुभयो । जनगणनाको पहिलो चरणमा सुपरीवेक्षकले घर सङ्ख्या, परिवार सङ्ख्या, कृषि विवरण, आर्थिक गतिविधि, बैंक खाता आदिका बारेमा सामान्य विवरण सङ्कलन गरी घरको सूचीकरण गरिसकेको र सूचीकरण पश्चात् दोस्रो चरणको गणकले जात, धर्म, संस्कृति, शैक्षिक विवरण, आर्थिक गतिविधि, मृत्युसँग सम्बन्धित विवरण सङ्कलन शुरू गरिरहेको जिल्ला जनगणना प्रमुख ज्ञवालीले जानकारी दिनुभयो। पर्सामा, यस अघि १ सय ४२ जना सुपरीवेक्षकले सूचीकरण गरेको १ लाख १८ हजार ५ सय १५ घरधुरीमध्ये ९३ हजार १ सय ४० घरमा मानिस बस्ने गरेको र ती घरका १ लाख ६ सय २१ परिवारको गणना हुने प्रमुख ज्ञवालीले स्पष्ट पार्नुभयो । हरेक स्थानमा एक सुपरीवेक्षक सहित ४ जना गणक खटाईएको उहाँले बताउनुभयो।

# प्रदेश २ मुख्यमन्त्री कार्यालयले गरेको साइकल खरिदमा भ्रष्टाचार देखियो : अख्तियार

जनकपुरधाम । प्रदेश २ सरकारको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम अन्तर्गत भएको साइकल खरिदमा भ्रष्टाचार देखिएको अख्तियारले जनाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको प्रमुख कृष्णप्रसाद सापकोटाले प्रारम्भिक चरणको अनुसन्धानमा भ्रष्टाचार भएको देखिएको पुष्टि गरेका हुन्। उनले भने, 'साइकल खरिद प्रकरणको प्रारम्भिक अनुसन्धानमा भ्रष्टाचार देखिएको छ। प्रारम्भिक अनुसन्धान टुंगिएको छ। दोश्रो चरणको विस्तृत अनुसन्धान सुरु भएको छ। त्यसमा छुट्टै अनुसन्धान अधिकृत नियुक्ति भएको छ।' उनले दोस्रो चरणको अनुसन्धानमा पनि अनियमितता देखिए संलग्न पदाधिकारीमाथि कारबाही हुने स्पष्ट पारे । 'अब विस्तृतमा छानबिन र अनुसन्धान हुन्छ। यदि त्यसमा पनि अनियमितता भ्रष्टाचार देखियो भने त्यसमा संलग्न पदाधिकारी अधिकारी उपर भ्रष्टाचारको कसुरमा मुद्दा दायर हुन्छ' उनले भने। प्रमुख सापकोटाले विस्तृत अनुसन्धान साइकल खरिदमा संलग्न अधिकारीहरुलाई छुट्टाछुट्टै बोलाएर बयान लिने भएकोले डेढदेखि दुई महिनासम्म समय लाग्ने पनि प्रष्ट पारेका छन्। गएको असोज १३ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले मुख्यमन्त्री कार्यालयमा छापा मारेर साइकल खरिद सम्बन्धी कागजात नियन्त्रणमा लिएको थियो। जसको प्रदेश २ सरकारले चर्को आलोचना गरेको थियो भने प्रमुख सत्तारुढ जनता समाजवादी पार्टीले मुख्यमन्त्रीको बचाउमा अख्तियार विरुद्ध आन्दोलन नै गरेको थियो ।

## नेपाल न्यूज एक्सप्रेस दैनिकको लागी

| | |
|---|---|
| प्रकाशक | : अमिर मंसुरी |
| कार्यकारी प्रकाशक | : सहन पौडेल |
| सम्पादक | : सञ्जना कुमारी |
| कार्यकारी सम्पादक | : शाहरुख मंसुरी |
| कानुनी सल्हाकार | : मेराज मियाँ |
| बजार व्यवस्थापक | : आफताब राय |
| कप्युटर अपरेटर | : पिन्टू कुमार साह |
| सम्पर्क कार्यालय | : वीरगंज-१३ पर्सा (पावरहाउस) |
| मुद्रक | : पौडेल अपसेट प्रेस, वीरगंज |

सम्पर्क नं.: ९८५५०१२७०१

nepalnewsexpressdaily@gmail.com


## पृथ्वीराज चौहान - अष्टदश सर्ग / लक्ष्मीप्रसाद देवकोटा



(६)
इस्लामको घोडा छीटा छन् गोडा
कुखुरे कल्की छैनन् है जोडा
हिन्दूका दलमा।
खलबल पो हल्ला र खल्ला
हिन्दुका फौज हिला र मिला
धेरै नै भई तैपनि भए
के गरूँ दोधार पुर्पुरो चिला
मुसल्मान आयो ठेलम् र ठेला
अस्तमा हुँदा दिनको बेला
रगत जलमा।
हिन्दुले हार्यो भारत गुम्यो
म्लेच्छको फूर्ति नाचेर घुम्यो
रणका थलमा।
भारतको रगत त्यस वेला बग्यो
भुल्भुल भलमा।
हामीलाई वर्णन गाहारो भयो
आँखा भै जलमा।
(७)
काक र गिद्धहरूले खालान्
चीलका चुच्चाले।
जहाँ छन् ठूला वीरका तन
रतनहरू भारतका भन
हरायो छुच्चाले।
सकेनन् तिनले दशाका जोड्मा
हटाउन घुच्चाले।
तैपनि आत्मा स्वर्गमा पुग्यो।
अर्पण सच्चाले।
शरीरलाई दिन्छन् दुष्टलाई तर
लिन्छन् है बाटो स्वर्गको घर
भारतका बच्चाले।
तिनी हुन् सच्चा भारतका बच्चा
खपेनन् हरे ! इस्लामका घच्चा
जसभित्र भारत रोएर बस्यो
लुटियो लुच्चाले।
हजार वर्ष रगतका आँशु
आजका निम्तिमा।
बहाउन हरे ! भारतलाई थियो
आँशुले छाती फारेर रोलाऊ
नसुन बिन्तीमा।
(८)
हजार विद्या भारतका जले
दिनका ज्वलनमा।
हजार वर्षका लाली मिले
पश्चिमी गगनमा।
हिन्दूका छाती सधैलाई जले
म्लेच्छका दमनमा।
नहेर्ने जति स्वर्गमा पुगे
देवका विमानमा।
हेर्नेको सधैं आँखा छ लाल
आजको यो दिनमा।

## हेटौंडाबाट हराएका ज्ञानबहादुर चितवनको टिकौली जंगलमा मृत फेला



चितवनको टिकौली जंगलमा एक पुरुषको शव फेला परेको छ। सोमबार बिहान अन्दाजी ६३ बर्षको पुरुषको शव फेला परेको हो। स्थानीयले शव देखेर खबर गरेपछि प्रहरी पुगेको थियो।

कपडाले बेरिएको अवस्थामा पूर्व पश्चिम राजमार्गबाट १०० मिटरभित्र जंगलमा भेटिएको हो। जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डीएसपी सूर्य बहादुर थापाका अनुसार मृत्यु हुनेमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका ९ का ज्ञानबहादुर अधिकारी छन्। परिवारका अनुसार उनी १४-१५ दिनअगाडि घरबाट निस्किएर बेपत्ता भएका थिए। डीएसपी थापाले शवको प्रकृति हेर्दा केही दिनअघि मृत्यु भएको अनुमान गरिएको जनाए। मृत्युको कारण भने खुल्न सकेको छैन। 'शव पोस्टमार्टमका लागि पठाएका छौं। थप अनुसन्धान भइरहेको छ,' डीएसपी थापाले भने।


पत्रिका पढेर साथ दिनुभएकोमा धन्यावाद।
हामी पाठकवर्गहरुको सल्लाह सुझावहरुको ध्यानमा राखि अगाडी बढ्ने छौ।


# जनमतको अवमूल्यन भयो भने पाच वर्षपछि जनताले जनप्रतिनिधिलाई सुधार्दै जान्छन्



जनताको दशकौं लामो चाहना र बलिदानीको उपलब्धि स्वरुप स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम राष्ट्रपतिका रुपमा सुनौलो इतिहास रच्न सफल डा. रामवरण यादवलाई संविधानसभाबाट तयार नेपालको समावेशी संविधान जारी गर्ने अभूतपूर्व अवसर जु-यो ।मधेशी समुदायको सामान्य मध्यम वर्गीय परिवारमा जन्मेका उनी पेशाले चिकित्सक हुन् । लोकतन्त्रप्रतिको अविचलित आस्थाका कारण उनी राजनीतिमा पनि त्यत्तिकै सक्रिय रहे। डा. यादव २०६२/६३ को जनआन्दोलनको बलमा २४० वर्ष लामो निरङ्कुश राजतन्त्र ढलेसँगै राष्ट्रपतिमा निर्वाचित भए ।मुलुकमा एक राजनीतिक प्रणाली अन्त्य भएको र अर्को स्थापित भई नसकेको अत्यन्त तरल राजनीतिक अवस्थामा भिन्न भिन्न राजनीतिक आन्दोलन र पृष्ठभूमिका दललाई काखापाखा नगरी अभिभावकत्व प्रदान गर्दै दुई पटक संविधानसभाको निर्वाचन गराएर सहजरुपमा राजनीतिक अवतरण गराउन उहाँले खेल्नुभएको भूमिकाको सर्वत्र प्रशंसा हुँदैआएको छ ।नेपालको संविधान जारी भएको पाँच वर्ष पूरा गरेको अवसरमा पूर्वराष्ट्रपति यादव संविधानको कार्यान्वयन गर्ने सन्दर्भमा लोकतन्त्रको मर्म र संविधानको भावना बुझेर काम गर्न विधायिका, सरकार र राजनीतिक दललाई सुझाव दिन्छन्। उनी भन्छन् - असन्तुष्टिका स्वरलाई विधायिकाले सहिष्णु भएर संविधान सम्मतरुपमा कानून बनाई सम्बोधन गर्ने प्रयत्न गर्नुपर्छ ।संविधान दिवस र समसामयिक विषयमा केन्द्रित रहेर राससले उनीसँग गरेको कुराकानीको प्रस्तुत अंशः सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको नेपालको संविधान जारी भएको पाँच वर्ष पूरा भइरहँदा यो दिनलाई यहाँले कसरी स्मरण गर्नुहुन्छ ?- संविधान जारी भएको दिन सम्पूर्ण नेपाली जनताका लागि ऐतिहासिक दिन हो । यस दिनमा सबैभन्दा पहिला म नेपाली जनतालाई सम्झन चाहन्छु। जनताको ठूलो सङ्घर्ष र बलिदानकै कारण संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान जारी गर्न सफल भएको हो । यस दिन म खासगरी देश र समाजका लागि त्याग र बलिदान गर्ने शहीदहरु, नेपाली जनता तथा यस सङ्घर्षमा संलग्न राजनीतिक दल र तिनका नेताहरुलाई स्मरण गर्न चाहन्छु ।नेपालको इतिहासमा पहिलो पटक संविधानसभाबाट संविधान जारी गर्ने त्यो ऐतिहासिक क्षणलाई स्मरण गर्दा यहाँले विशेष गरी कसलाई स्मरण गर्नुहुन्छ ?यो संविधान नेपाली जनताको सङ्घर्षको उपज हो। संविधान करिब सात दशक लामो प्रजातान्त्रिक आन्दोलनपछि हासिल भएको उपलब्धि हो । नेपाली जनताका प्रतिनिधिले जनताका लागि पहिलो पटक लेखेको संविधान जारी गर्ने अवसर मैले पाएको थिएँ। विस २००७ देखि २०६२/०६३ सालसम्म भएका प्रजातान्त्रिक आन्दोलन र राजनीतिक सङ्घर्षको फलस्वरुप हामीले यो संविधान पाएका हौं । तसर्थ म यो दिनमा सबै आन्दोलन र सङ्घर्षमा बलिदान र योगदान गर्ने सबैलाई विशेष स्मरण गर्न चाहन्छु। निश्चय नै २०६२/६३ सालको आन्दोलनका अग्रणी नेता गिरिजाप्रसाद कोइराला तथा तत्कालीन सात दल र पछि थपिएको अर्को एउटा दलका नेताहरुको सङ्घर्ष, योगदान र त्यागबाट नै यो उपलब्धि हासिल भएकाले यसमा सबैलाई सामूहिक रुपमा स्मरण गर्न चाहन्छु। संविधान कार्यान्वयनको अवस्था अहिले कस्तो पाउनुभएको ?जनताले अपेक्षाअनुसार लाभ प्राप्त गर्न सकेका छन् त ?- यो संविधान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान हो । समानुपातिक समावेशीता, सङ्घीयता, धर्मनिरपेक्षतालगायत धेरै विषय समेटिएको यो संविधान लचिलो संविधान हो। कार्यान्वयनको चरणमा निश्चय नै यो संविधान आफ्नो 'लिक'मा छ भन्ने मलाई लाग्छ । संविधान जारीपछि तीन तहका निर्वाचन सम्पन्न भई अहिले तीनै तहका सरकारमा निर्वाचित जनप्रतिनिधि छन्। सबैले आ-आफ्ना स्थानबाट काम गरिरहेका छन्। यो संविधानका प्रावधान कार्यान्वयन गर्दै जाने जिम्मेवारी राजनीतिक दल र जनप्रनिधिहरुको हो । लोकतन्त्रका अवयवहरु विधिविधानअनुसार चलेमा अवश्य पनि जनताको आकाँक्षा पूरा हुनेछन् । तर लोकतन्त्रको बाटो अभ्यास गर्दै जाँदा लामो समय लाग्दो रहेछ। जनप्रतिनिधिले इमान्दारीपूर्वक जनताको सेवक भएर आफूलाई समर्पण गरे लोकतान्त्रिक पद्धति अगाडि बढ्छ । मेरो आग्रह छ, संविधान र कानूनअनुसार शासन सञ्चालन होस् । यो विषयलाई जनप्रतिनिधिले मनन गरेन भने लोकतन्त्र मात्र लोकतन्त्रको नाममा सीमित रहन पुग्छ। त्यसैले हामी सबै आजको दिनमा आशा गरौ कि संविधान कार्यान्वयन हुँदै जाओस्, देश र समाज उन्नति पथमा लम्कोस्, लोकतन्त्र बलियो होस्। यही शुभकामना छ । नेपालको संविधानमा जनताको अपार समर्थन हुँदाहुँदै पनि कतिपय बुँदामा अझै असन्तुष्टि र विरोधाभासका स्वरहरु बेलाबखत सुनिने गरेका छन्। असन्तुष्टिका स्वरहरुलाई सम्बोधन कसरी गर्न मुनासिब होला ?- सङ्घीय विधायिका र कार्यपालिकाले सबै पक्षको असन्तुष्टिका स्वरलाई सहिष्णु भएर सुन्नुपर्छ। विधायिकामा लगेर छलफल गरी सर्वस्वीकार्य समाधान खोज्न लोकतन्त्रले बाटो देखाउँछ नै । असन्तुष्टिका कुरालाई सम्बोधन गर्न संविधानले ठाउँ दिएको छ । त्यसलाई वार्ताद्वारा हल खोज्ने प्रयत्न हुनुपर्छ । सहिष्णु भएर सबै समस्यालाई सुन्ने, व्यवस्थापिकामा लगेर खुला रुपमा छलफल गर्ने र त्यसको समाधान खोज्ने हो । लोकतन्त्रको विधिमार्फत सबै विवाद मिल्दै जाने अपेक्षा गरेको छु।संविधान जारी भएपछि जनअपेक्षित स्थायित्व, विकास र समृद्धि हासिल गर्ने दिशामा सरकार र दलहरुको भूमिका कस्तो पाउनुभएको छ ? - संविधान र कानून अनुसार देश अघि बढिरहेको छ। राजनीतिक दलहरु तथा जनप्रतिनिधिहरु सहिष्णु भएर लोकतान्त्रिक संस्थाहरुमार्फत नै जनताका समस्या र आवश्यकता समाधान गर्दै गए भने विकास र समृद्धि हासिल गर्न सकिन्छ । मैले त सिद्धान्तको कुरा भन्ने हो। अरु कुरा त तपाईहरु जस्ता सञ्चारमाध्यम, नागरिक समाज र बुद्धिजीवी वर्गले औंल्याइदिने हो। संविधानअनुसार तीनै तहका सरकारको भूमिका र सेवा प्रवाहलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ? तीन तहका सरकारबीचको आपसी सहयोग र सहकार्यमा तादाम्यता रहेको कतिको पाउनुभएको छ ? - राज्यको पुनःसंरचनापछि संविधानले तीन तहका सरकारको व्यवस्था गरेको छ। साथै, संविधानमा तीनै तहका सरकारबीच सहअस्तित्व र समन्वयकारी भूमिकासहित अधिकारहरु उल्लेख छन्। संविधानले एकल र साझा अधिकार प्रदान गर्नुका साथै आवश्यक कानून बनाएर अघि बढ्ने व्यवस्था गरेको छ जुन अभ्यासको क्रममा छ । सङ्घीयताको मर्म र भावनालाई आत्मसात गरेर संविधानअनुसार लोकतान्त्रिक बाटोबाट सबै तहका सरकार अघि बढेमा तादाम्यता कायम हुन्छ भन्ने लाग्छ। यसो भइदिए कसैले पनि चित्त दुखाउनु पर्दैन, विवाद पनि हुँदैन । सङ्घीयता कार्यान्वयनमा तालमेल नपुगेको भन्ने प्रश्न बेलाबखत बाहिर आउने गरेको छ। प्रदेश सरकारले संविधानअनुसारको अधिकार प्रयोग पूर्णरुपमा गर्न नपाएको भन्ने गुनासो पनि छ। यसमा यहाँको केही टिप्पणी छ ?जहाँ असन्तुष्टिका स्वर हुन्छन्, त्यहाँ विधायिकाले छलफल गरेर संविधान सम्मतरुपमा कानून बनाएर व्यवहारमा ल्याउने काम गर्नुपर्छ। सरकार र विधायिकालाई आवश्यक कानून बनाउने प्रशस्त ठाउँ संविधानले दिएको छ । लोकतन्त्रको मर्म र संविधानमा अन्तर्निहीत भावनालाई बुझेर अघि बढेको खण्डमा सबै समस्या समाधान हुँदै जाने छन् भन्ने मेरो विश्वास छ। कतिपय घटनालाई अघि सारेर जनादेशको अवमूल्यन गर्ने काम भयो भन्ने चिन्ता व्यक्त भइआएको पाइन्छ । यस्ता क्रियाकलापले संविधानले आत्मसात गरेको सङ्घीय लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्न पक्कै बल पुग्दैन होला । यस विषयमा यहाँको दृष्टिकोण के छ ? जनप्रतिनिधिले संविधानले निर्दिष्ट गरेको प्रणालीलाई अघि बढाउँदै जानुपर्छ । विकृतिहरु क्रमशः हट्दै जान्छन् । संविधानको भावनाअनुसार लोकतन्त्रलाई जनप्रतिनिधिले आत्मसात गर्दै लग्यो भने कहीँ कतै त्रुटि भएको छ भने पनि सुधार हुँदै जान्छ । जनमतको अवमूल्यन भयो भने पाँच वर्षपछि जनताले चुनावका माध्यमबाट जनप्रतिनिधिलाई सुधार्दै जान्छन् । लोकतन्त्रको गाडी अगाडि-अगाडि बढ्नुपर्छ । सर्वोच्च स्थानमा रहेका जनता, चेतनशील नागरिक समाज र सञ्चारमाध्यमले 'वाच डग'को रुपमा काम गरिरहनुपर्छ । मिडिया स्वतन्त्र होस्, कुनै प्रकारको अङ्कुश नहोस्, जनताको अधिकारमा कहीँ हस्तक्षेप नहोस्, कहीँ कतै कमीकमजोरी भइहाले सुधार गर्दै जाने काम होस् । संविधानमा दलित, महिला, मधेशी, आदिवासी, जनजाति, अपाङता भएका व्यक्ति, सीमान्तकृत वर्ग र समुदायको अधिकार सुनिश्चित गरिएको भए पनि व्यवहारमा अझै कतिपय विषय लागू भइरहेका छैनन् भन्ने गुनासा सुनिन्छ, यसप्रति यहाँको के भनाइ छ ? विभिन्न सञ्चारका माध्यमबाट यस्ता कुरा सुनिन्छन्, संविधानले त्यस्ता समुदायका हकहितका विषयलाई सम्बोधन गर्न विभिन्न आयोगको व्यवस्था गरेको छ । संवैधानिक निकायका रुपमा संविधानले निर्दिष्ट गरेका त्यस्ता आयोगलाई पूर्णता दिएर कार्यान्वयनमा लैजानुपर्छ। त्यहाँबाट तत् तत् समुदायका गुनासा सुन्ने र समस्या समाधान गर्ने पहलकदमी लिइनुपर्छ । उनीहरुको समस्या समाधान गर्ने दायित्व प्रथमतः सरकार र राजनीतिक दलकै हो । संविधानले प्रत्याभूत गरेका अधिकारलाई प्रयोग गरी अघि बढेमा समस्या समाधान हुँदै जानेछन्। सम्बोधन गर्न विलम्ब गरियो भने चाहीँ विकृति उत्पन्न हुन्छ । ठूलो बलिदानपछि पाएको संविधान प्रभावकारी रुपमा लागू हुदै जाओस् । संविधान सफल भएपछि राष्ट्र सफल हुन्छ र नेपाली जनताको भविष्य पनि उज्ज्वल हुन्छ । यो तथ्यलाई सबैले मनन गर्नुपर्छ। यहाँको कार्यकालमा शुरु भएको राष्ट्रपति तराई-मधेस चुरे संरक्षण कार्यक्रमले लिएको लक्ष्य र कार्यान्वयनको वर्तमान अवस्थाप्रति यहाँ कतिको सन्तुष्ट हुनुहुन्छ ? - मुलुकमा समाजको जस्तै भूगोलको पनि विविधता छ । संसारमा चरमरुपमा प्रकृतिको दोहन भएको छ जसका कारण जलवायु परिवर्तनको असर विश्वभर देखिएको छ। जलवायु परिवर्तनको असरबाट उत्पन्न विषालु जीवाणुबाट कोभिड-१९ जस्ता महामारीको समस्या आएको छ र त्यसको सङ्क्रमणबाट ठूलो मानवीय क्षति व्यहोर्नुपर्ने स्थिति देखापर्दैछ । चुरे क्षेत्रमा वन, बोटबिरुवा, वनस्पति, जीवजन्तु, पशुपन्छी, खोलानाला, पानीका स्रोत प्रकृतिले दिएको छ । त्यो क्षेत्रको जल, जङ्गल र जडीबूटी जोगाउन यो कार्यक्रम ल्याइएको हो। चुरे जैविक विविधताको धनी क्षेत्र हो, त्यसले तराईलाई धनधान्य बनाएको थियो। पहिले चुरेमा ठूलो जङ्गल थियो, जसका कारण तराईमा कृषि, पशुपालन, बालीनाली र फलफूलको उब्जनी राम्रो ढङ्गबाट हुन्थ्यो, त्यो अवस्था अहिले रहेन । मरुभूमिमा परिणत हुने अवस्था देखिँदै छ, अहिले त्यहाँ । अहिलेको चुरे संरक्षणको कार्यप्रति म सन्तुष्ट छैन। तराई-मधेश हाम्रो हिमालको कवच हो । चुरेको संरक्षण गर्न गुरुयोजना बने पनि कार्यान्वयनका लागि कानून बनाउने कुरा लथालिङ्ग अवस्थामै छ। जुन उद्देश्यले हामीले कार्यक्रम ल्याएका थियौं, त्यस अनुरुप काम भएको छैन । प्रकृतिलाई सन्तुलित गर्दै विकासका पूर्वाधार अघि बढाउनुपर्छ, त्यस लक्ष्य प्राप्तितर्फ हामी अघि बढ्नुपर्छ । अन्त्यमा, संविधान दिवसका अवसरमा जनता, सरकार र राजनीतिक दललाई के सन्देश दिन चाहनुहुन्छ ? - विधायिका, जनप्रतिनिधि, सरकार र राजनीतिक दलहरु मुलुकमा सुशासन र पारदर्शीता कायम गर्दै लोकतान्त्रिक विधिमार्फत अघि बढोस् भन्ने सम्पूर्ण नेपाली जनताको चाहना छ। म एक नागरिकको हैसियतले कहीँ कतै कसैप्रति विभेद नहोस् र सबै समस्याको विधिपूर्वक समाधान गर्न प्रेरणा प्राप्त होस् भन्ने कामना गर्न चाहन्छु।

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिका र चीनका राष्ट्रपतिबीच तेस्रो वार्ता: यस्ता छन् एजेन्डा



वीरगंज २९ कार्तिक ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र चीनका राष्ट्रपति सी जिनपिङबीच सोमबार साँझ भर्चुल बैठक हुँदैछ । दुई देशबीच तनाब बढिरहेका बेला हुन लागिरहेको यो बैठकलाई धेरैले चासोपूर्वक हेरिरहेका छन् । केही दिनअघि जलवायु परिवर्तनसम्बन्धी सम्मेलनमा दुई देशले आश्चर्यजनक सहमति गरेर विश्व समुदायलाई चक्मा दिलाएका थिए । तर, ताइवानबारे सैन्य विवादको बढ्दो चासोसँगै यी दुई देशबीच मतभेद कायमै छ । दुई नेताबीच हुन लागेको तेस्रो बैठकमा विभिन्न विषयमा छलफल हुनेछ । वार्तामा साइवर सुरक्षा, व्यापार, परमाणु हतियारजस्ता विषयमा छलफल हुनेछन् । बाइडेन राष्ट्रपति भएपछि यी दुई नेताबीच वार्ता भएको छ, यद्यपी सम्बन्धमा कुनै सुधार आउन सकेको छैन् । के चाहन्छन बाइडेन ? परम्परागत प्रतिद्वन्द्वी देश चीनसँग बाइडेनले खासै ठूलो अपेक्षा गरेका छैनन् । तर, वार्ताको ठोस नतिजा देख्न उनी आत्तुर छन् । दुबै जनाले अमेरिका-चीन सम्बन्ध सुधार गर्न चाहन्छन् । त्यस्तै, ताइवान वार्ताको मुख्य एजेन्डा हुनेछ । ताइवानमा शान्ति र स्थिरता कायम राख्न अमेरिकाले चीनलाई दबाब दिनेछन् । त्यसको जबाफमा राष्ट्रपति सीले ताईवानको सार्वभौमसत्ताबारे हस्तक्षेप नगर्ने अमेरिकी प्रतिबद्धता माग गर्न सक्नेछन् । के चाहन्छन् राष्ट्रपति सी ? राष्ट्रपति सीका लागि भने ताइवान मुद्दा महत्वपूर्ण छ । ताइवान मामिला आन्तरिक भएको र त्यहाँ हस्तक्षेप नगर्न उनले अमेरिकालाई दबाब दिनेछन् । पछिल्लो समयमा ताईवानलाई लिएर अमेरिकाले देखाएको चासोप्रति चीन असन्तुष्ट छ । एक साताअघि मात्र अमेरिकी सांसदको प्रतिनिधिमन्डलले ताइवान भ्रमण गरेको थियो । भ्रमणको अमेरिकाले विरोध गरेको थियो । केही समयअघि चीनले ताइवानको हवाई आधारमा लडाकु विमान उडाएको थियो । त्यसको ताइवान र अमेरिका दुबैले विरोध गरेका थिए । चीनले ताइवानमाथि हमला गरे अमेरिकाले प्रतिरोध गर्ने यसअघि नै चेतावनी दिएको थियो । त्यस्तै, अमेरिकी हस्तक्षेपको निन्दा गर्दै चीनले आगोसँग नजिस्कन वासिंगटनलाई चेतावनी दिएको थियो ।

## अस्ट्रियामा खोप नलगाएका व्यक्तिहरुलाई लक्षित गर्दै लकडाउन




वीरगंज २९ कार्तिक ।

अस्ट्रियामा कोरोना भाइरसको सङ्क्रमणका लागि राष्ट्रव्यापी लकडाउन भएको छ । त्यहाँको सरकारले गएरातिदेखि खोप नलगाएका व्यक्तिहरूका लागि लकडाउनको घोषणा गरेको हो । यो घोषणाअनुसार १२ वर्षभन्दा माथिका खोप नलगाएका व्यक्तिले काम गर्ने, किनमेल गर्ने, हिँडडुल गर्ने वा खोप लगाउन जाने जस्ता आधारभूत गतिविधि बाहेक अन्य कामका लागि घर छोड्न नपाउने बीबीसीले जनाएको छ । खोप नलगाएका व्यक्तिले प्रतिबन्धको पालना नगरे जरिबाना हुनेछ । खोप लगाए नलगाएका व्यक्तिहरुको सुरक्षा जाँच प्रहरीले गर्नेछ । प्रहरी नागरिकले खोप लगाए नलगाएको सुनिश्चित गर्न गस्तीमा खटिने छ । लकडाउन सुरुमा १० दिनसम्म रहनेछ । झण्डै ९० लाख जनसङ्ख्या रहेको यो देशमा लकडाउनबाट बीस लाख नागरिक प्रभावित हुने खबरमा उल्लेख गरिएको छ । अस्ट्रियामा कुल जनसङ्ख्याको झण्डै ६५ प्रतिशतले मात्र पूर्णरूपमा खोप लगाएका छन् । पछिल्लो समय त्यहाँ सङ्क्रमण फैलिएसँगै अस्पतालमा बिरामीको भीड बढेको छ ।

## दिल्लीका विद्यालयहरु बन्द गरियो, सरकारी कर्मचारी घरबाटै काम गर्ने



वीरगंज २९ कार्तिक । एजेन्सी ।

प्रदूषण बढ्दै गएपछि दिल्ली सरकारले एक हप्ताका लागि विद्यायलय बन्द गर्ने निर्णय गरेको छ । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालले आजैबाट एक हप्ताका लागि विद्यालय बन्द भएको जानकारी गराएका हुन् । विद्यालय बन्द रहेपनि अनलाइन कक्षा सञ्चालनमा रहनेछ । त्यस्तै, सरकारी कर्मचारीलाई पनि घर बाटै काम गर्न निर्देशन दिइएको छ । १४ नोभेम्बरदेखि ४ दिन कन्स्ट्रक्सनका सबै काममा समेत रोक लगाइएको छ । भारतको सर्वोच्च अदालतले दिल्लीमा कम्तिमा दुई दिन लकडाउन गर्न सुझाएको थियो । सर्वोच्चको सुझावअनुसार नै यस्तो निर्णय भएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । अत्यधिक प्रदुषणको मार बालबालिकामा पर्न नदिन विद्यालय क्षेत्र बन्द गरिएको मुख्यमन्त्री केजरिवालको भनाई छ । यस्तै, भारतीय प्रदुषण नियन्त्रण बोर्डले पनि प्रदुषण नियन्त्रणका लागि कठोर कदमका लागि तयार रहन भनेको छ । बोर्डले हावाको कमजोर गतिका कारण कम्तिमा नोभेम्बर १८ भन्दा पहिले प्रदुषण कम हुने सम्भावना नरहेको बताएको छ ।

## थाइल्यान्ड सरकारको विरोधमा उत्रिनेलाई देशद्रोहको मुद्दा



वीरगंज २९ कार्तिक ।

बैंकक । थाइल्यान्डमा सरकारको विरोधमा उत्रिएका व्यक्तिविरुद्ध देशद्रोहको मुद्दा लाग्ने भएको छ । विरोध प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीलाई लक्षित गर्दै संवैधानिक अदालतले सो फैसला गरेको हो । नयाँ संविधान र शाही सुधारको माग गर्दै विपक्षीले १८ महिनादेखि सरकारविरोधी प्रदर्शन गरिरहेका छन् । अदालतको फैसलासँगै सरकारलाई प्रदर्शनकारी नेतालाई शाही कानुन उल्लंघन गरेको अभियोगमा देशद्रोहको मुद्दा चलाउने ढोका खुलेको छ । विशेष अदालतका न्यायाधीशहरुको एउटा समुहले सुधारको माग गर्दै आन्दोलन चर्काउनु केवल राजतन्त्रको निन्दा मात्र नभएको बताएका छन् । आन्दोलनरत नेताहरुको अभिव्यक्ति संवैधानिक राजतन्त्रलाई हटाउनेतर्फ लक्षित रहेको भन्दै विशेष अदालतका न्यायाधीश विरोन सांगटियानले भनेका छन्, 'संविधानमा गरिने शाही सुधारले राजतन्त्राई असम्मानित अवस्थामा लैजान्छ सर्वसाधारणमाझ राजतन्त्रप्रति अनादरको भाव बढ्छ ।'प्रतिबादीका तर्फबाट वहस चलाएका वकिल क्रिसदाङ नटचारुटले विशेष अदालतको फैसला थाइल्यान्डको इतिहासमा नै कालो दिन भएको बताए । 'मृत्युदण्ड भन्दा यो फैसला फरक छैन् ।' उनले भने ।

## आजको राशिफल

**मेष** भैपरी आउने खर्च बढ्नाले अर्थ अभावको स्थिति रहनेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपरे पनि कर्जामार्फत धन जुटाउन सकिनेछ। केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। दिगो काम प्रारम्भ गर्न समयले साथ दिनेछ। खर्च लागे पनि काम सम्पादन गर्न सकिनेछ।

**वृष** आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। केही लाभांश अरूका लागि पनि खर्चनुपर्ने देखिन्छ।

**मिथुन** प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। चिताएको काम बन्नेछ र लाभांश प्राप्त भइरहनेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नाले महत्त्वाकांक्षी काम बन्न सक्छ। समाजमा तारिफयोग्य काम गर्न सकिनेछ। घर-परिवारमा मेलमिलाप र आत्मीयता बढ्नेछ।

**कर्कट** मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। तर अवसर र चुनौती एकसाथ देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला। छिद्र खोतल्नेहरूले दु:ख दिनेछन्, विशेष योजना गोप्य राखेर अघि बढ्नुहोला। शुभचिन्तकहरूको साथ-सहयोगले मात्र अप्ठ्यारा चुनौती पार लगाउन सकिनेछ। अध्यात्मभाव जागृत हुनाले परोपकार तथा सेवामूलक काममा मन जानेछ।

**सिंह** परिबन्धले केही बाध्यता निम्त्याउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। मिहिनेत गर्दा अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन्। आयस्रोत अलि कमजोर बन्नेछ भने फजुल खर्च पनि बढ्न सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ।

**कन्या** मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। विभिन्न सहयोग र उपहार हातलागी हुनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ। रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। टाढिएका साथीभाइसँग भेटघाट हुनेछ। तर आतिथ्य भने अलि खर्चिलो बन्ने देखिन्छ। विलासी वस्तुका लागि पनि खर्च बढ्न सक्छ।

**तुला** मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। मिहिनेतले प्रतिद्वन्द्वी परास्त हुनेछन्। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ।

**वृश्चिक** अरूको विश्वास गर्दा सुरुमा काम रोकिन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। विशेष उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। तापनि प्रयत्न गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ। अभिव्यक्ति र लेखन कलामा निखारता आउनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**धनु** हल्लाको विश्वास गर्दा काम बिग्रन सक्छ। आज अरूलाई दिने नभई भित्र्याउने समय छ। दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ। अरूको व्यवहारले शंका उब्जाए पनि प्रियजनको सुझाव शिरोधार्य गर्दा अवश्यै लाभ हुनेछ।

**मकर** परिस्थिति अनुकूल हुनेछ र लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। व्यापारमा पनि सामान्य फाइदा हुनेछ।

**कुम्भ** मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ। सानो प्रयत्नले काम बन्नेछ। सहयोगीहरूले साथ दिनेछन्। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ।

**मीन** कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिनेछ। परम्परालाई समयसापेक्ष सुधार गर्न सफल भइनेछ।

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
वीरगञ्ज महानगरपालिका कार्यालय

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र प्रचार गरौं, विकासमा जुटौं ।
ठोरी गाउँपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
विन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

# रौतहटमा एकै घरका दुई बालकको शंकास्पद मृत्यु, शवको पोष्टमार्टम नारायणी अस्पताल हुदै

वीरगञ्ज, २९ कार्तिक ।



रौतहटको देवाही गोनाही नगरपालिका-५ टिकुलियामा दुई बालकको शंकास्पद मृत्यु भएको छ । स्थानीय संजय मुखियाका ५ वर्षीय छोरा आकाश मुखिया र ३ वर्षीय छोरा विकास मुखियाको शंकास्पद मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक दुवैको शव पोष्टमार्टमका लागि नारायणी अस्पताल वीरगञ्ज पठाइएको ईलाका प्रहरी कार्यालय गोनाहीका प्रमुख एवं प्रहरी निरीक्षक राजन लम्सालले बताए । शनिबार बिहान ८ बजे दुवै बालकले बान्ता गर्न थालेपछि उपचारका लागि गरुडास्थित एउटा निजी अस्पतालमा भर्ना गरिएको थियो । अवस्था सिकिस्त भएपछि शनिबार राति उनीहरुलाई वीरगंजस्थित तराई अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा विकासको शनिबार राति र आकाशको आइतबार मृत्यु भएको प्रहरी निरीक्षक लम्सालले जानकारी दिए । पोष्टमार्टम रिपोर्ट नआएसम्म मृत्युको कारणबारे बताउन नसकिने उनको भनाइ छ । प्रहरी भन्छ- घटना शंकास्पद

# घुस लिादालिादै ईश्वरपुर नगरपालिकाका जनप्रतिनिधि सोनेलाल साह र उमेश राय पक्राउ

वीरगंज २९ कार्तिक ।



सेवाग्राहीसँग घुस लिएको आरोपमा सर्लाहीको ईश्वर पुर नगरपालिका-११ का वडा सदस्यद्वय सोनेलाल साह र उमेश राय पक्राउ परेका छन् अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले वडा सदस्यद्वयलाई लालबन्दी नगर पालिका-७ स्थित कृष्ण इन्टर प्राइजेजबाट सोमबार नियन्त्रणमा लिएको हो । काम मिलाइदिन्छु भन्दै एक लाख ५० हजार रुपैयाँ घुस लिएपछि उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको अख्तियारले जनाएको छ ।

# गुड्दै गरेको ट्र्याक्टर सैलुनमा पसेपछि...

वीरगञ्ज, २९ कार्तिक ।



सप्तरीमा गुड्दै गरेको ट्र्याक्टर सोमबार दिउँसो सैलुनमा पसेपछि ५ जना घाइते भएका छन् । पूर्वपशिचम राजमार्ग अन्तर्गत खड्क नगरपालिका कल्याणपुरस्थित सडकको छेउमा रहेको सैलुनमा नम्बर देखिन नसकेको ट्र्याक्टर पसेको हो। सैलुनमा पसेको ट्र्याक्टरले ठक्कर दिदा सैलुनमा बसिरहेका ४ जना र ट्र्याक्टर चालक समेत घाइते भएको प्रहरीले जनाएको छ । ट्र्याक्टर चालक खडक नगरपालिका ६ बस्ने ३५ बर्षका अर्जुन चौधरी, सैलुन संचालक रबिन्द्र ठाकुरसहितका घाइते भएका छन् । घाइतेमध्ये एक महिलासहित दुई जनाको अवस्था गम्भीर छ । उनीहरूलाई उपचारका लागि विराटनगर पठाइएको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ । घाइते भएका अन्यको कल्याणपुरमै उपचार भइरहेको प्रहरीको भनाइ छ ।

# शुल्क उठाएको विरोधमा जुद्ध माविमा तोडफोड र आगजनी

वीरगञ्ज, २९ कार्तिक ।



रौतहट । रौतहटको गौरमा रहेको जुद्ध उच्च माध्यमिक विद्यालयमा विद्यार्थीहरुले तोडफोड तथा आगजनी गरेका छन । सामुदायिक विद्यालयले अभिभावकहरुलाई ठग्दै अवैधरुपमा शुल्क उठाएको विरोधमा आज विद्यार्थीहरुले तोडफोड तथा आगजनी गरेका हुन । अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ मा समेत सार्वजनिक विद्यालयले माध्यमिक तहसम्मको शिक्षामा कुनै पनि बहनामा शुल्क लिन मनाही गरेको छ । तर रौतहटको गौरमा रहेको देशकै जेठो मध्येको एक जुद्ध उच्च माध्यमीक विद्यालयले विद्यार्थीहरुबाट गैरकानूनी तरिकाले शुल्क उठाउने गर्दछ । अग्रेंजी माध्यमको शिक्षाको नाममा २०६७।६८ साल देखी नै विद्यालयले शुल्क उठाउन शुरु गरेको थियो । तत्कालीन प्रधानाध्यापक नागेन्द्र प्रसाद मण्डलले शिक्षा नियमावलीलाई लत्याउदै पैसा कमाउने प्रथाको शुरुवात गरेकोले उनलाई कारवाहीको पहिलो सूचीमा राखिनु पर्ने विद्यार्थी नेता रवि मिश्रले बताए । शिक्षा नियमावलीको घोर उल्लघंन गरेर रौतहटको अभिभावक सँग जबरजस्ती शुल्क उठाउने प्रथाको शुरुवात गर्ने तत्कालीन प्रधानाध्यापक मण्डल देखी वर्तमान प्रधानाध्यापक चन्देश्वर राउतसम्मको विरुद्ध कारवाही हुनुपर्ने विद्यार्थीहरुको माँग रहेको छ । हामीले पटक पटक प्रधानाध्यापकलाई शुल्क नउठाउन तथा पाठ्यपुस्तक निशुल्क वितरण गर्न माँग गर्दा समेत विद्यालय प्रशासनले अटेर गर्यो । अनेरास्वयूका केन्द्रीय सदस्य रवि मिश्रले भने गौर नगरपालिकाले सूचनानै जारी गरेर शुल्क नउठाउन भन्दा पनि विद्यालयले मानेको छैन, शुल्क तिर्न नसक्ने गरीबका बालबालिकाले अझै पुस्तक पाएका छैनन । सरकारले भनेको अनिवार्य निशुल्क शिक्षाको जुद्ध विद्यालयले खिल्ली उडाएको उनको तर्क छ ।दुई थरिको शिक्षा प्रदान गरिरहेको सो विद्यालयले नेपाली माध्यममा पढने विद्यार्थीहरुलाई निशुल्क र अगेंजी माध्यममा पढने विद्यार्थीहरुले बोर्डिङ्ग स्कूलमा झै मासिक शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क र पाठयपुस्तकको समेत शुल्क तिर्नु परेको विद्यार्थीहरुले बताएका छन । आक्रोशित विद्यार्थीहरुले विद्यालयमा रहेका खानेपानीका ट्याङ्कहरु तोडफोड र आगजनि गरेका छन । विद्यार्थीहरुले उग्र प्रर्दशन गर्न थालेपछि विद्यालयका प्रधानाध्यापक लगायतका पदाधिकारीहरु विद्यालय छोडेर निस्कीएका छन । यस भन्दा पहिले पनि विद्यार्थीहरुले प्रदर्शन गर्दा विद्यालयका कर्मचारीहरु घाइते भएका थिए ।

# लुटपाटका लागि महिलाको हत्या गर्ने गिरोह पक्राउ

वीरगञ्ज, २९ कार्तिक ।



कर्तव्य ज्यान तथा डाँका मुद्दाका ४ जना अभियुक्तहरूलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा धुनिवेशी नगरपालिका १ डाँडागाउँ बस्ने २१ वर्षीय वीर बहादुर तामाङ, सोही ठाउँ बस्ने १९ वर्षीय सुवाष तामाङ, भक्तपुर चाँगुनारायण नगरपालिका ७ घर हुने १८ वर्षीया किशोरी र सिन्धुपाल्चोक चौतारा साँगाचोक गढी नगरपालिका १ घर भई हाल काठमाडौं कागेश्वरी मनहरा नगरपालिका ८ गोठाटारमा जे एच ज्वेलर्स पसल संचालन गरी बस्ने २८ वर्षीय रामशरण राज सुनार रहेका छन् ।धुनिबेशी नगरपालिका १ डाँडागाउँ बस्ने ५९ वर्षीया तीर्थमाया तामाङ आफ्नै घरमा बिहीबार बिहान मृत अवस्थामा फेला परेको घटना शंकास्पद देखिएपछि ईलाका प्रहरी कार्यालय खानिखोला र प्रहरी चौकी जिवनपुरबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा सोही नगरपालिका भञ्ज्याङ पोखरीबाट वीर बहादुरलाई पक्राउ गरी थप अनुसन्धान गर्दा उनले बुधबार साँझ ती महिलालाई ढुंगाले टाउकोमा प्रहार गरी हत्या गरेपछि महिलाको सुनसमेत लुटेर फरार भएको खुल्न आएको थियो । उक्त सुन लुकाउने तथा बिक्री गर्ने उनकै भाइ सुवास, १८ वर्षीया किशोरी तथा सुन खरिद गर्ने रामशरणलाई समेत प्रहरीले पक्राउ गरेको हो । प्रहरीले रामशरणको पसलबाट ४७।२ लालको सुन जस्तो देखिने पहेँलो धातुबाट बनेको १ थान बेरूवा रिङ, १८ वर्षीया किशोरीको कोठाबाट ४७।६६ लालको सुन जस्तो देखिने पहेँलो धातुबाट बनेको १ थान बेरूवा रिङ, नगद २२ हजार ६ सय रुपैयाँ र घटनास्थलबाट रगत जस्तो पदार्थ लागेको १ थान ढुङगा बरामद गरेको छ । उनीहरू उपर जिल्ला अदालत धादिङबाट म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

# खैरो हेरोइनसहित कैलालीबाट युवक पक्राउ

वीरगञ्ज, २९ कार्तिक ।



, रौतहट । लागूऔषधसहित कैलालीबाट आज एक जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो गौरीगंगा नगरपालिका ९ शंकरपुरबाट लम्कीचुहा नगरपालिका १ लम्की बसपार्क बस्ने १९ वर्षीय सन्देश पहाडीलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय मसुरिया र अस्थायी ट्राफिक प्रहरी पोष्ट मसुरियाबाट खटिएको टोलीले सवारी चेक जाँच गर्ने क्रममा करिब १० ग्राम अवैध लागुऔषध खैरो हेरोइनजस्तो देखिने वस्तुसहित निजलाई हिरासतमा लिएको हो । पक्राउ परेको पहाडीमाथि यसबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


दैवि प्रकोपबाट बच्न समयमै सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाउँपालिका कार्यालय

वातावरण जोगाऔं, दिर्घ जीवनमा जुटौं ।
छिपहरमाई गाउँपालिका कार्यालय

गरिबी हटाऔं, दिगो कृषि विकासको निम्ती जुटौं ।
जगरनाथपुर गाउँपालिका कार्यालय

स्वरोजगार बनौं, गरिबी हटाऔं ।
कालिकामाई गाउँपालिका कार्यालय

छुवाछुत विरुद्ध जुटौं,सबै क्षेत्रमा समानता दिलाऔं ।
धोबिनी गाउँपालिका कार्यालय

पारदर्शी बनौं भ्रष्टचार रोकौं ।
पकाहामैनपुर गाउँपालिका कार्यालय

बेटी पढाऔं बेटी बचाऔं ।
पर्टेवा सुगौली गाउँपालिका कार्यालय